UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा. - २८, काठमाडौं

फोन: ०१-४१६९११४, फ्याक्स: ०१-४१६९११३

इमेल: unitedmodi@ntc.net.np वेबसाइट: www.umh.com.np


## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/११/०२ गते)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०७८/११/०१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७७/७८ को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७८ फाल्गुण २६ गते विहिबार (तद्अनुसार १० मार्च, २०२२)

**समय** : विहान ११:०० बजे।

**स्थान** : साधारण सभा कम्पनीको रजिष्टर्ड कार्यालय, हेरिटेज प्लाजा-२, कमलादी-२८ काठमाण्डौंबाट विद्युतीय/ भर्चुअल माध्यम : Zoom मार्फत सञ्चालन हुनेछ ।

(विद्युतीय/भर्चुअल माध्यमबाट सभामा सहभागी हुन शेयरधनीहरूलाई Meeting Id र Password उपलब्ध गराइनेछ।)

**२. छलफल गरिने विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा । कम्पनी ऐन २०६३ को दफा ८६(२) को व्यवस्था बमोजिम उल्लिखित २ (दुई) पद मध्ये १ (एक) पद महिला शेयरधनीको लागि आरक्षित गरिएको छ ।

५. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको उद्देश्य थप गर्ने ।

२. कम्पनीमा संस्थापक शेयर समेत सर्वसाधारण शेयरमा परिणत भईसकेकाले सो सम्बन्धी प्रावधानहरू लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको हाल कायम रहेको सञ्चालकहरूको संख्या ११ जनाबाट घटाई ७ जना कायम गर्ने सम्बन्धमा ।

४. स्वीकृत नियमावलीको दफा १८ (६) मा भएको त्रुटि संशोधन गर्ने सम्बन्धमा ।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (COVID -19) तथा ओमिक्रोन लगायत यसका नयाँ भेरियन्टको महामारी रोकथाम र नियन्त्रण गर्ने प्रयोजनको लागि नेपाल सरकारले स्वास्थ्य सम्बन्धी विभिन्न निर्देशन तथा सुरक्षा मापदण्डहरू निर्धारण गरी त्यसको पुर्ण पालना गर्न गराउन सूचित गरिरहेको परिप्रेक्षमा साधारण सभा सञ्चालन गर्दा विशेष स्वास्थ्य सतर्कता अपनाउनु पर्ने भएको छ । अत: यस विशेष परिस्थितिलाई मध्यनजर गरी भर्चुअल माध्यम (zoom) बाट सभामा भाग लिन सकिने व्यवस्था मिलाइएको हुँदा विद्युतीय माध्यमबाट साधारण सभामा उपस्थित भईदिनु हुन शेयरधनी महानुभावहरूमा सादर अनुरोध गरिन्छ । विद्युतीय माध्यमबाट भएको उपस्थितिलाई सभास्थलमा उपस्थित भए सरह मान्यता हुने व्यवस्था गरिएको हुँदा कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न र बचाउन विद्युतीय भर्चुअल माध्यम (Zoom) बाट उपस्थित भई सभा सञ्चालन गर्न सहयोग गरिदिनु हुन सबै शेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध छ । साधारण सभा सुरु हुन तीस मिनेट अगावै देखि Virtual Meeting मा Join हुन सकिने गरी खुल्ला गरिनेछ ।

२. भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीहरूको हाजिर निजहरूले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ साथै सभा सञ्चालन अवधिभरीको भिडियो रेकर्डिङ्ग गरिनेछ ।

३. साधारण सभामा भाग लिन Meeting ID र Password को निमित्त कम्पनीको इमेल unitedmodi@ntc.net.np मा समयमै इमेल मार्फत सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरूको पहिचान verification गरी ID र Password पठाउन प्रविधिक कठिनाई पर्न सक्ने भएकोले कम्तिमा ४८ घण्टा अगावै ID र Password लिनका लागि सम्पर्क गर्न समेत अनुरोध छ । साथै शेयरधनीले उपलब्ध गराउनु भएको Email Address मा वार्षिक साधारण सभाको प्रतिवेदन समेत पठाइने व्यहोरा अनुरोध छ ।

४. साधारण सभा प्रयोजनको लागि मिति २०७८/११/०५ गते यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/११/०४ गते सम्म कारोबार भई सो मितिबाट ५ (पाँच) दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआईएल क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ ।

५. आफ्नो मन्तब्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई kailash@lexadvisers.com वा cakailash.llb@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं र त्यसरी सम्पर्क गर्नुहुने शेयरधनी महानुभावहरूलाई सभामा मन्तव्य राख्न Meeting ID र Password उपलब्ध गराइनेछ ।

६. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत विद्युतीय माध्यम (Virtual Zoom Meeting) बाट सभामा भाग लिन, छलफल गर्न सकिनेछ । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

८. यसै साधारण सभाबाट कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरूको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको केन्द्रिय अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालयमा रहेने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०७८/११/१० गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ ।

९. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या शेयर १०० कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ ।

१०. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् । संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।

११. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ ।

१२. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ । कोभिड १९ रोकथामका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरूको परिपालना सबैले अनिवार्य रुपमा गर्नुपर्नेछ ।

**पुनश्च : मिति २०७७ पौष २२ गते सम्पन्न सातौ वार्षिक साधारण सभाबाट स्वीकृत ५.२६३% नगद लाभांश शेयरधनीहरूको बैंक खातामा जम्मा गर्ने कार्य भईरहेको हुनाले कोहि शेयरधनीको खातामा जम्मा नभएको वा बैंक खाताको विवरण नबुझाएको भएमा साथै यस अघि साधारण सभाबाट पारित लांभाश यदि कुनै शेयरधनी महानुभावले नलिनुभएको भए यथाशीघ्र यस कम्पनीको शेयर रजिष्ट्रार सिबिआइएल क्यपिटल लि., बाटुलेघर, डिल्लिबजार काठमाण्डौं, फोन नं. ०१-४४१८६६७ /४४१७७२३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गर्दछौं । साथै कुनै शेयरधनीले ५ वर्षसम्म बुझी नलिएको नगद लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भएको हुदाँ कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (१०) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि,२०७३ को दफा ५ को उवदफा (३) तथा दफा ७ को उपदफा (२) समेतको प्रयोजनार्थ आफ्नो रकम सुरक्षित गर्नुहोला । अन्यथा उक्त अवधि पश्चात लिन बांकी नगद लांभाश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउंदछौं ।**

**हालसम्म शेयर डिम्याट नगराएका स्थानीय शेयरधनीहरूले यथाशीघ्र आफ्नो शेयर डिम्याट गर्नुहुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**